# प्रभाव दैनिक

National Daily








वर्ष १० | अंक १५६ | काठमाडौं | मंगलबार, ९ असोज २०८० | Prabhab National Daily | Tuesday, September 26, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५/-



प्रधानमन्त्रीको चीन भ्रमण

## १३ विषयमा सम्झौता र समझदारी

■ एकराज पाठक

**बेइजिङ–** नेपाल र चीनबीच विभिन्न १२ वटा सम्झौता र एउटा समझदारीपत्रमा हस्ताक्षर भएको छ। चीन भ्रमणमा रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल र उनका चिनियाँ समकक्षी प्रधानमन्त्री लि छ्याङबीच सोमबार ग्रेट हल अफ दी पिपलमा भएको द्विपक्षीय वार्तापछि विभिन्न विषयमा सहमति तथा सम्झौता भएको हो।

विभिन्न मन्त्रालयअन्तर्गतका ती सम्झौताका सहमतिपत्रमा नेपालका तर्फबाट सम्बन्धित मन्त्रालयका सचिव तथा चीनका लागि नेपाली राजदूत विष्णुपुकार श्रेष्ठ र चिनियाँ अधिकारीबीच हस्ताक्षर भएको छ।



**प्रधानमन्त्री पुष्पकमल दाहाल र उनका चिनियाँ समकक्षी लि छ्याङ सोमबार बेइजिङको ग्रेट हल अफ द पिपुलमा भेटवार्ता गर्दै।** *तस्बिरः रासस*

चीनको राष्ट्रिय विकास र सुधार आयोग र नेपालको राष्ट्रिय योजना आयोगबीच सहकार्यका लागि सम्झौता भएको छ। सो सम्झौतामा आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठ र चिनियाँ अधिकारीले हस्ताक्षर गरे। नेपालको उत्तरी पहाडी क्षेत्रमा विभिन्न वस्तुको उत्पादन र वितरणसम्बन्धी सन् २०१७ को नेपाल-चीन समझदारीपत्र राजदूत श्रेष्ठ र चिनियाँ अधिकारीबीच आदानप्रदान भएको छ।

चीनको राष्ट्रिय विकास तथा सुधार आयोग र नेपालको अर्थ मन्त्रालयबीच 'डिजिटल अर्थतन्त्र' बढाउने विषयमा सहकार्यका लागि सम्झौता भएको छ। त्यसैगरी चीनको उक्त आयोग र नेपालको वन तथा वातावरण मन्त्रालयबीच हरित तथा न्यून कार्बन विकासका लागि सहकार्य गर्ने विषय राजदूत श्रेष्ठ र चिनियाँ अधिकारीबीच हस्ताक्षर भएको छ।

(बाँकी पृष्ठ ३ मा)

चिनियाँ प्रधानमन्त्रीले भने-

### दुई देशको सम्बन्धमा नयाँ ऊर्जा

चिनियाँ प्रधानमन्त्री लि छ्याङले चीन-नेपालबीचको सम्बन्धमा नयाँ ऊर्जा थपिएको चीनले महसुस गरेको बताएका छन्। चीन भ्रमणमा रहेका प्रधानमन्त्री पुष्पकमल दाहालसँगको द्विपक्षीय वार्ता सुरु हुनुअघि दिएको छोटो स्वागत मन्तव्यमा उनले सो धारणा राखेका हुन्।

प्रधानमन्त्री छ्याङले नेपालका प्रधानमन्त्री दाहालको यस भ्रमण द्विपक्षीय सम्बन्धको विस्तार र सुदृढीकरण गर्न थप सहयोग बनेको बताए। चिनियाँ राष्ट्रपति सी चिनफिङसँगको भेटमा भएका कुराकानीबाट दुई देशको सम्बन्धका विविध आयाममा छलफल हुनु सुखद् रहेको प्रधानमन्त्री छ्याङले बताए। उनले प्रधानमन्त्री दाहालले चीन-नेपाल सम्बन्धलाई थप सुमधुर बनाउन योगदान पुऱ्याएको उल्लेख गरे।

प्रधानमन्त्री छ्याङले नेपालको सदियौं पुरानो एक छिमेकी रहेको चीनले सदैव नेपालको विकास, समृद्धि र हित चाहेको धारणा राखेका थिए।

## देउवाको कार्यशैलीमाथि प्रश्न

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा उही गति र मतिमा चल्न थालेपछि केन्द्रीय समितिमा उनको कार्यशैलीलाई लिएर प्रश्न उठेको छ। असोज ४ बाट सुरु भएको केन्द्रीय समितिमा सभापति देउवामाथि संस्थापनपक्षकै नेताले पनि प्रश्न उठाएका छन्।

अघिल्लो कार्यकालमा देउवा

> महाधिवेशनमा कमजोरलाई सरकारमा नराख्ने भन्ने त टिम क्याप्टेनले गर्नुहुन्न। तर, तपाईंले अब्बललाई उतार्ने हो भने गोल पोस्टमा गोल छिर्न सकिन्छ। त्यही ढंगले अघि बढिदिनुहोस्।
>
> ■ **धनराज गुरुङ**, उपसभापति

> पार्टीभित्र महाधिवेशन भयो। न्याय भएको महसुस गर्न पाउनुपऱ्यो नि। सभापतिले गर्ने निर्णयमा आँखा चिम्लेर मान्न सक्नुपर्ने अवस्था बनाउँ न त। गुटबन्दी नगरौं न त।
>
> ■ **गगन थापा**, महामन्त्री

विधान मिचेर चलेकै कारण कांग्रेस कमजोर साबित भएको थियो। १४औं महाधिवेशनले दोस्रो कार्यकालका लागि निर्वाचित देउवाले पार्टीका विभागहरू गठन गर्न सकेका छैनन्। छ महिनाभित्रै गठन भइसक्नुपर्ने विभाग गठनमा देउवा सुस्त देखिएका हुन्। ७० विभागमध्ये १६ विभागमात्र बल्ल गठन भएका छन्। तिनमा पनि संयोजकमात्र तोकिएका छन्। १४औं महाधिवेशनमा जसरी मनोमानीमा उत्रिएर चौतर्फी आलोचनाका पात्र बनेका थिए देउवा।

(बाँकी पृष्ठ ३ मा)

# कुमारी आमाको नामबाट नागरिकता



> अहिले कुमारी आमाको नामबाट पनि नागरिकता दिनू भनिएको छ, यो राज्यविरूद्ध पीडितहरूको विजय हो।
>
> ■ **मीरा ढुंगाना**, वरिष्ठ अधिवक्ता



- कुमारी आमाको नामबाट नागरिकता दिलाउन परमादेश
- कुमारी आमाका सन्तानलाई नागरिकता नदिलाउँदा संवैधानिक हक प्रभावित हुने ठहर
- आमासँग मात्रै बस्ने १६ लाख ८८ हजार ८८६ जनामध्येकै लाभग्राही

■ जेबी योञ्जन

**काठमाडौं–** कुमारी आमाको नाम राखेर पनि नेपाली नागरिकताको प्रमाणपत्र जारी हुने भएको छ। ललितपुरको महालक्ष्मी नगरपालिका-६ की एक महिला रिट निवेदक रहेको मुद्दामा सर्वोच्च अदालतका न्यायाधीशहरू अनिलकुमार सिन्हा र डा. नहकुल सुवेदीको संयुक्त इजलासले कुमारी आमाकोमात्रै नाम राखेर नागरिकता दिन परमादेश जारी गरेको छ।

न्यायाधीशद्वयले जारी गरेको सोही परमादेशको हालै पूर्णपाठ सार्वजनिक भएको छ। परमादेशका आधारमा अब कुमारी आमाहरूबाट जन्मिएका सन्तानलाई नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने कानुनी बाटो खुलेको हो। परमादेशअनुसार कुमारी आमाको नागरिकता वंशजको भए सन्तानले वंशजकै आधारमा नागरिकता पाउने भएका छन्। नागरिकतामा बुबाको नाम नखुलाउँदा पनि हुने भएको छ।

तर, नागरिकता लिनुअघि जन्म जहाँ भएको हो, त्यहींको स्थानीय तहबाट जन्मदर्ता बनाउनुपर्ने परमादेशमा उल्लेख छ। संरक्षकत्व र अभिभावकत्व जैविक बुबाबाट प्राप्त नगरेका सन्तानलाई बुबाकै ठेगाना रहेको स्थानीय तहबाट जन्मदर्ता नदिलाउन पनि भनिएको छ।

वरिष्ठ अधिवक्ता मीरा ढुंगाना सर्वोच्चले जारी गरेको परमादेशले देशभर रहेका कुमारी आमाका सन्तानले नागरिकता सहज ढंगले पाउने बताउँछिन्। यसलाई उनले कुमारी आमाहरूको राज्यसँगको जितको रूपमा अर्थ्याएकी छिन्।

'२०६७ सालमै एउटा मुद्दामा सर्वोच्चले आमाको नामबाट नागरिकता दिनू भन्ने आदेश दिएको थियो। जुन वर्तमान संविधान जारी हुनुभन्दा अघिको कुरा हो,' उनले प्रभावसँग भनिन्, 'यो न्यायिक सक्रियता हो। तर, आमाको नामबाट नागरिकता जारी गर्न संविधान बन्नुपऱ्यो। ऐन कानुन र नियमावली बने। अहिले कुमारी आमाको नामबाट पनि नागरिकता दिनू भनिएको छ, यो राज्यविरुद्ध पीडितहरूको विजय हो।'

'लिभिङ टुगेदर'मा बस्दा युवती गर्भवती भएपछि युवक फरार हुने घटना कहिलेकाहीँ हुने गरेको छ। विवाह गर्ने भनेर शारीरिक सम्बन्धमा रहने तर अन्ततः गर्भवती भएपछि पुरुष सम्पर्कविहीन हुने अर्को समस्या पनि छ। यस्ता घटनामा परेर सन्तान जन्माउनेलाई कुमारी आमा भन्ने गरिन्छ। अर्थात् विवाह नभई सन्तान जन्माउनेहरू कुमारी आमा हुन्। उनीहरूले जन्म दिएका सन्तानलाई नागरिकता दिलाउन सर्वोच्चले परमादेश जारी गरेको हो।

यसअघि वर्षौंदेखि कुमारी आमाहरू आफ्ना सन्तानलाई नागरिकता दिलाउन न्यायिक लडाइँमा थिए। वडा कार्यालयदेखि, क्षेत्रीय प्रशासन, सीमा प्रशासन हुँदै जिल्ला प्रशासनलगायत कार्यालयहरूमा उनीहरू धाउँथे। सन्तानलाई नागरिकता दिलाउन अक्षम थिए। तर, सर्वोच्चको पछिल्लो आदेशपछि भने उनीहरूले आफ्ना सन्तानलाई नागरिकता दिलाउन सक्ने भएका हुन्। नेपाली नागरिक हुन योग्यता पुगेका कुमारी आमाका सन्तानलाई नागरिकता नदिलाउँदा उनीहरूको संवैधानिक हक प्रभावित हुने पनि सर्वोच्चको ठहर छ।

(बाँकी पृष्ठ २ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

वैदेशिक रोजगार बोर्डको कार्यप्रगति

## १० हजारलाई निःशुल्क सीपमूलक तालिम

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगार बोर्डको सचिवालयले गत आर्थिक वर्ष २०७९/८० मा वैदेशिक रोजगारीका लागि विदेश जान चाहने झण्डै १० हजार जनालाई निःशुल्क सीपमूलक तालिम दिएको छ। बोर्ड सचिवालयले सार्वजनिक गरेको मुख्य कार्यप्रगति विवरणअनुसार गत आवमा नौ हजार ७०३ जनाले निःशुल्क सीप तालिम लिएका हुन्।

बोर्डले ४९६ जनालाई आवासीय सुविधासहित निःशुल्क सीप विकास तालिम प्रदान गरेको जनाएको छ। त्यसैगरी वैदेशिक रोजगारबाट फर्किएका कामदारलाई पुनःएकीकरण कार्यक्रमको माध्यमबाट सम्झौता भएकामध्ये ६८ वटा स्थानीय तहसँग समन्वय कार्यक्रम सम्पन्न भएको उल्लेख छ। जसबाट दुई हजार ६१० जना लाभान्वित भएको प्रतिवेदनमा उल्लेख छ।

यस्तै गत चैत्र १५ गतेदेखि सञ्चालनमा आएको टेलिमेडिसिन सेवाबाट९३७जनाले सेवा लिएका छन्। टेलिमेडिसिन सेवा लिनेमा मलेसियाबाट २७५, साउदी अरेबियाबाट २२७, कतारबाट १०४, युएईबाट ९७, कुवेतबाट ७१, कोरियाबाट ५७, जापानबाट १९, पोर्चुगलबाट ११, रोमानियाबाट ११ र अन्य मुलुकबाट ६५ जना नेपाली कामदार रहेको बोर्डले जनाएको छ।




### आर्थिक सहायतामा साढे ६५ करोड खर्च

बोर्डले गत आवमा अनिवार्य दायित्वतर्फ गरेको खर्च विवरण पनि मुख्य कार्यप्रगति विवरणमा समेटेको छ। वैदेशिक रोजगारीको क्रममा गत आवमा एक हजार २०८ जनाको मृत्यु भएको उल्लेख गरिएको छ। जसमा महिलाको संख्या ४५ रहेको छ। मृत्युपश्चात् कामदारको परिवारलाई दिइने आर्थिक सहायतास्वरूप ६५ करोड ५१ लाख ८० हजार रूपैयाँ खर्च भएको छ। अंगभंग वा बिरामी भएका ३८९ जना कामदारलाई नौ करोड ९७ लाख आठ हजार रूपैयाँ उपलब्ध गराइएको बोर्डले जनाएको छ।

बोर्डले वैदेशिक रोजगारीमा रहेका व्यक्तिको परिवारका ११२ सदस्यलाई स्वास्थ्य उपचार खर्चस्वरूप ६५ लाख रूपैयाँ र बालबच्चाहरूलाई छात्रवृत्ति सहायताबापत दुई हजार ९५६ जनालाई दुई करोड ८२ लाख दुई हजार रूपैयाँ प्रदान गरेको छ। विदेशमा मृत्यु भएका ८१८ जना कामदारको शव व्यवस्थापनमा (शव ढुवानी मात्र) दुई करोड ८५ लाख ८० हजार रूपैयाँ र ३१२ शव नेपाल झिकाउन सम्बन्धित नियोगसँग समन्वय गर्दा दुई करोड ६० लाख ७५ हजार रूपैयाँ खर्च भएको उल्लेख छ।

त्यस्तै रोजगारीको क्रममा विदेशमा अलपत्र परेका वा बेपत्ता भएका १६७ कामदारको उद्धार तथा खोजतलासका लागि ४३ लाख १० हजार रूपैयाँ खर्च भएको छ। वैदेशिक रोजगारीमा जाने ५०७ जना महिला कामदारलाई अभिमुखीकरण तालिमबापतको शोधभर्ना रकम तीन लाख ५४ हजार ९०० रूपैयाँ उपलब्ध गराइएको बोर्डले जनाएको छ।

## आजदेखि इन्द्रजात्रा

टोलटोलमा इन्द्रको मूर्तिस्वरूप यमःद्यो ठड्याएर जात्रा सुरु गरिँदै

■ लक्ष्मी गारू

**भादगाउँ–** धार्मिक तथा सांस्कृतिक महत्त्व बोकेको परम्परागत इन्द्रजात्रा भक्तपुरमा आज (मंगलबार)देखि सुरु हुँदै छ। प्रत्येक वर्ष भाद्र शुक्ल द्वादशीको बिहान भक्तपुर नगरका टोलटोलमा इन्द्रको मूर्तिस्वरूप यमःद्यो ठड्याएर जात्रा सुरु गरिन्छ।

भक्तपुरको इन्द्रजात्रामा स्थानीय गुठियारले टोलटोलमा यमःद्यो ठड्याएर, सलाँ गणेश, छुमा गणेश, इन्द्रायणी देवी र भैरव, याँमता (आकाश दीप) मुपात्र र पुलुकिसी जात्रा गरी आठ दिनसम्म धुमधामका साथ मनाइन्छ।

जात्राको पहिलो दिन स्थानीय गुठियारहरूले नगरको टोलटोलमा विधिवत् पूजाआजासहित नगरका इताछेँ, तेखापुखुः, मुलाखुः, बुलुचा, साकोठा, भोलाछेँ, सुजम्हरी, खौमा, गःहीटी, महालक्ष्मी स्थान, बोलाछेँ, चासुखेललगायतका स्थानहरूमा यमःद्यो ठड्याइन्छ। दोस्रो दिनलाई शून्य दिन मानिन्छ। यस दिन जात्राको कुनै कार्यक्रम हुने छैन।

जात्राको तेस्रो दिन अर्थात् इन्द्रजात्राको दिन साँझ खौमास्थित इन्द्रायणी देवीको खट जात्रा मनाइन्छ। जात्रामा इन्द्रायणी देवीलाई शृंगारपटार गरी विधिवत् पूजा गरेर परम्परागत बाजागाजाका साथ दाफा, भजन गाएर, स्थानीय महिलाहरू हाकुपटासीमा सजिएर सुकुना बालेर, बालबालिका र वृद्धहरू धूप दीप बालेर सिद्धपोखरीले परिचित इन्द्र दहको दक्षिण दिशाको बीचमा ल्याई विराजमान गराइन्छ। जात्राका क्रममा राति पालाको दीप बालेर दहलाई सजाइन्छ। यस दिन राति दहमा मेला लाग्छ। मध्यराति तान्त्रिक पूजा गरी इन्द्रायणीलाई भोगवली चढाउने परम्परा रहेको छ।

जात्राको चौथो दिन येंया पुन्ही (भाद्र शुक्ल पूर्णिमा)का अवसरमा धार्मिक तीर्थस्थलका रूपमा रहेको प्रसिद्ध प्राचीन इन्द्र दहमा बिहानै स्नान गरी इन्द्रायणी देवीको पूजाआजा गर्ने भक्तजनहरू ठूलो घुइँचो लाग्ने गर्छ। देवराज इन्द्रले स्नान गरेको दह हुनाले यस दिन इन्द्र दहमा स्नान गरी इन्द्रायणी देवीको पूजाआराधना गरेमा पुण्यप्राप्ति हुनाका साथै पारिवारिक सुःख समृद्धि मिल्ने जनविश्वास छ।

(बाँकी पृष्ठ २ मा)

### अमेरिका र चीनबाट पाहुना आउने

**काठमाडौं (प्रस)–** काठमाडौं उपत्यकाको चिनारीसँग जोडिएको इन्द्रजात्रा अवलोकनका लागि अमेरिका र चीनबाट पाहुना आउने भएका छन्। काठमाडौं महानगरपालिकाले सोमबार पत्रकार सम्मेलन गरी उक्त जानकारी दिएको हो।

महानगरका प्रवक्ता नवीन मानन्धरले दुवै देशबाट २२ जना पाहुना आउने बताए। अमेरिकाको फेडरिसवर्ग सिटी र चीनको नान्जिन, छेन्दु र झान्झाउ नगरपालिका र सियान सिटीबाट पाउना आउने उनको भनाइ छ।

जात्राको गरिमालाई अन्तर्राष्ट्रियस्तरमा प्रवर्द्धन गर्ने उद्देश्यले महानगरले २०७६ सालबाट भगिनी सम्बन्ध स्थापना भएका नगरपालिकाबाट पाहुना बोलाउन थालेको हो। ती पाहुनालाई इन्द्रजात्रा अवलोकन हुने रुटमा पर्ने हनुमान ढोका केन्द्रित सम्पदा पदयात्रा, हाँडीगाउँ, स्वयम्भू र भक्तपुर दरबार क्षेत्रकोसमेत अवलोकन गराउने तयारी भइरहेको उनको भनाइ छ। सबै पाहुनाहरू आज मंगलबार आइपुग्नेछन्।

जात्राको सुरूको दिन दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै कान्तिपुरी नगरीको परिक्रमा गरिनेछ। असोज ११ गते इन्द्रजात्राको मुख्य दिन हो। सो दिन बढी भीडभाड हुने भएकाले व्यवस्थापन समितिले विशेष सुरक्षा बढाएको छ। उक्त दिन १८० स्वयंसेवक परिचालन गरी जनपथ र सशस्त्र प्रहरी तथा महानगरको प्रहरीले विशेष सुरक्षा दिनेछ। जात्रा अवधिमा हुनसक्ने आगलागीको जोखिमलाई ध्यानमा राख्दै वारुणयन्त्रकोसमेत व्यवस्था गरिएको छ।

असोज १५ गते नानिचा याः अर्थात् अन्तिम दिन हनुमानढोका परिसर, प्याफल, नरदेवी, किलाघः, भेडासिंह, वंध (इन्द्रचोक) र मखन क्षेत्रमा सवारी निषेध गरिएको छ। कार्यक्रमअनुसार आज बिहान १० बजेर ३७ मिनेट जाँदा लिंगो ठड्याउने, असोज १० गते जीवित देवदेवी कुमारी, गणेश र भैरवको पूजा गरी रथयात्रा गराउने साइत छ। त्यस्तै, जात्राको अन्तिम दिन १५ गते जात्रासँगै राति ८ बजेर ३७ मिनेटमा लिंगो ढाल्ने कार्यक्रम छ। जात्रामा राष्ट्रप्रमुखबाट जीवित देवी कुमारी, गणेश, भैरवको दर्शन गर्ने परम्परा छ। जात्राको प्रचलन मल्ल राजा जयप्रकाशका पालादेखि सुरु भएको विश्वास गरिन्छ।

## कुमारी ...

पृष्ठ १ बाट जारी

आमाको नामबाट नागरिकता दिलाउन भन्दै निवेदकले निवेदन दिए 'बाबु कहाँ गयो वा के भयो ?' भन्ने प्रश्न पञ्जीकाधिकरीले सोध्नु प्रासंगिक नहुने पनि परमादेशमा उल्लेख छ। अझ आमाको नामबाट नागरिकता नदिनुलाई कानुनको बर्खिलापजन्य कार्य ठहर गरेको छ। त्यही भएर कानुनी अधिकारप्राप्त अधिकारीले कानुनी कर्तव्य पूरा गर्नैपर्ने पनि भनिएको छ।

यी तथ्यहरूले कुमारी आमाका सन्तानलाई नागरिकता नदिनुपर्ने कुनै कारण नहुने नजिर पनि स्थापित भएको छ। तर, देशभर कुमारी आमाका सन्तान कति छन् ? यही शीर्षकमा कुनै पनि निकायले तथ्यांक सार्वजनिक गरेको छैन। केन्द्रीय तथ्यांक विभागले भने राष्ट्रिय जनगणना २०७८ मार्फत आमासँग मात्रै बस्ने १८ वर्षभन्दा कम उमेरका बालबालिकाको संख्या सार्वजनिक गरेको छ। तथ्यांकअनुसार ९८ लाख ६९ हजार ५८३ जना बालबालिकामध्ये १६ लाख ८८ हजार ८८६ जना बालबालिका आमासँगमात्रै बस्छन्।

नागरिकताको क्षेत्रमा क्रियाशील संस्था महिला, कानुन र विकास मञ्चका कार्यकारी निर्देशक सविन श्रेष्ठ आमासँगमात्रै बसेकामध्ये कम्तीमा एक तिहाइ बालबालिका कुमारी आमाका सन्तान हुनसक्ने बताउँछन्।

तिनै कुमारी आमाका सन्तान आमाको नाममात्रै राखेर भए पनि नेपाली नागरिकताको प्रमाणपत्र दिनू भन्ने सर्वोच्चको परमादेशबाट लाभग्राही बन्नसक्ने उनले बताए। सर्वोच्चको परमादेश नागरिकताविहीनताको समस्या समाधान गर्ने दिशामा एउटा फड्को हुने अधिवक्तासमेत रहेका श्रेष्ठले बताए। 'संशोधित नागरिकता ऐनले धेरै हदसम्म नागरिकताविहीनताको समस्या समाधान गरेकै छ, तर कुमारी आमाका सन्तानलाई नागरिकताा पाउन केही समस्या थियो। अब समाधान भयो,' उनले भने।

ललितपुरको महालक्ष्मी नगरपालिका-६ की एक महिलाले कुमारी अवस्थामै छोरी जन्माएको र बुवा सम्पर्कविहीन भएको जनाउँदै २०७८ सालमा सर्वोच्च अदालतमा रिट दायर गरेकी थिइन्। आफू प्रेम सम्बन्धमा रहेको अवस्थामा गर्भवती भएको र त्यसपछि विवाह नगरी पुरुष सम्पर्कविहीन भएकोले छोरीलाई नागरिकता दिलाउन नसकेको उनको गुनासो थियो।

ती कुमारी आमाले प्रेमी अर्थात् छोरीको बुवाको स्थायी ठेगाना मनहरि-४, मकवानपुर खुलाएकी थिइन्। सोही ठेगानामा रहेको वडा कार्यालयमा जन्मदर्ता गराउन खोज्दा पनि नगरिदिएको उनले निवेदनमा उल्लेख गरेकी थिइन्। तिनै कुमारी आमाले दायर गरेको रिटमा सर्वोच्चले आमासँग वंशजको नागरिकता रहेको र अस्पतालले दिएको जन्म प्रमाणपत्र पनि रहेको अवस्थामा बुवाको नाम आवश्यक नपर्ने ठहऱ्याएको छ।

## आजदेखि...

पृष्ठ १ बाट जारी

यस दिन इन्द्रायणी देवीसँगै दह छेउछाउमा रहेका लिच्छविकालीन र मल्लकालीन शैव, शक्ति, बौद्ध, वैष्णव, सम्प्रदायका देवीदेवताका मूर्तिहरू तथा वासुकी नागकोसमेत पूजा गरिन्छ। दहको पूर्वदिशामा रहेको शिवलिंगमा जल चढाइ पिउने परम्परा छ। राति इन्द्रायणी देवीलाई परम्परागत बाजागाजाका साथ पुनः जात्रा गरी खौमास्थित देवगृहमा ल्याई विधिवत् पूजा गरी आसनमा विराजमान गराइन्छ। जात्राको पाँचौं दिनलाई पनि शून्य मानिन्छ।

जात्राको छैटौं दिनदेखि तीन दिनसम्म लगातार याँमता र मुपात्र जात्रा मनाइन्छ। पहिलो दिन सकुलान टोलका मानन्धर समुदायले दत्तात्रयस्थित भीमसेन मन्दिरमा एक जोडी याँमता (त्रिशूल आकारको माथि फर्किएका तीनवटा टुप्पामा बालिने बत्ती) बालिन्छ। लगत्तै तचपालको सँला गणेशलाई विधिवत् पूजा गरी खटमा राखिन्छ। गणेशलाई खटमा राखिसकेपछि अगाडि याँमता त्यसपछि सलाँ गणेशको जात्रा गरिन्छ। त्यसपछि मुपात्र जात्रा मनाइन्छ। जात्रामा याँमता, गणेश र मुपात्रलाई यमःद्यो भएको ठाउँहरूमा परिक्रमा गराइन्छ।

जात्रामा मुपात्र प्रमुख र धिःचा नामक उनका अन्य दुईजना सहायकसहित तीन जनालाई राक्षसको पोसाक लगाई अनुहारमा विभिन्न रंगलगाई शृंगारपटारका साथ तरवार समात्न लगाई सहर परिक्रमा गराउने प्रचलन छ। सहर परिक्रमा गर्दा टोलटोलमा ठडयाएको यमःद्योलाई मुपात्रले तीनपटक घुमेर तरवारले हान्ने गरिन्छ।

जात्राको सातौं दिन बेलुका गोमारीको मानन्धर समुदायको याँमतासँगै चोछें टोलको छुमा गणेशको जात्रा गरिन्छ। यस दिन गोमारीको मानन्धर समुदाय साँझ छुमा गणेश कहाँ गएर सुकुना बालेर आइसकेपछि गोमारी मानन्धर चोकमा एउटा याँमता बालेर जात्रा सुरु गरिन्छ। याँमता चोछेंमा पुगेपछि छुमा गणेश त्यसको पछाडि गई जात्रा गर्छ। लगत्तै भक्तपुरको दरबार स्क्वायरबाट मुपात्र निकालेर जात्रा गरिन्छ।

जात्राको अन्तिम दिनमा तल्लो टोलको मानन्धर समुदायले एक जोडी याँमता लाने परम्परा छ। यस दिन याँमतासँगै तमारी (तौमढी)को भैरवको खट जात्रा र पुलुकिसी जात्रा गरिन्छ। सुरुमा तल्लो टोलहरू तेखाचो र तापालाछींका मानन्धर समुदायले भैरवनाथ मन्दिरमा गई सुकना बालेर आउँछ। त्यसपछि बुलाचास्थित ढुंगेधारामा एकजोडी याँमता बालेर जान्छ। त्यसको पछाडि तमारीको आकाश भैरवको अर्को स्वरूप मसान भैरवको खट जात्रा गारिन्छ। खट जात्रामा नायखिङ (खड्गी समुदायको विशेष) बाजा बजाएर भैरवनाथको रथलाई परिक्रमा गराइन्छ। परिक्रमा गर्नुपूर्व गुठी संस्थानबाट भैरवलाई विधिवत् रूपमा बलि पूजा गरिन्छ।

भैरवको खट जात्रा गरेपछि स्थानीय लाकुलाछें टोलका समुदायले बाँसको मान्द्रो माथि नीलो कपडाले छोपेर अगाडिको भागमा हात्तीको सुँढ राखी तयार गरिएको पुलुकिसी जात्रा सुरु गरिन्छ। जात्रा सुरु गर्न अगाडि तमारीको भैरव मन्दिर अगाडि तीनपटक घुमेर पुलुकिसी जात्रा सुरु गर्छ। जात्रामा पुलुकिसीलाई चारजना मानिसले बोकेर ल्याइन्छ भने एक जनाले पुलुकिसीभित्र बसेर घण्टा बजाएर आउने परम्परा छ।

देवराज इन्द्रका विश्वासिलो सेवक ऐरावत हात्तीका रूपमा लिइने पुलुकिसीलाई नगर परिक्रमा गराउँदा दोबाटो चौबाटोहरूमा धान खुवाउने, तमारी र दरबार स्क्वायरको डबलीमा आगो तपाउने, सुजमारीको तला तुन्छी (इनार)मा पानी खुवाउने प्रचलन रहेको छ। जात्राका क्रममा पुलुकिसीको सुँढले मानिसलाई छोएमा दशा लाग्छ भन्ने धार्मिक विश्वासअनुसार पुलुसिकी आउँदा सुँढले छुन्छ कि भनी मानिसहरू परपर भाग्ने गर्दछ। देवीपुराण ग्रन्थअनुसार पुलुकिसी जात्रा देवराज इन्द्रका पुत्र जयन्तलाई खोज्न हिँडेको सम्झनामा मनाएको हो।

जात्रामा पुलुकिसीले कथंकदाचित मुपात्रलाई भेटयो भन्ने कुल्चेर मार्दा पनि हात्ती बन्ने पात्र र उनका सहयोगीहरूलाई कुनै कानुन नलाग्ने भएकाले यस दिन पुलुकिसी जात्रा नगरको आधाभन्दा बढी ठाउँमा परिक्रमा गरेपछि मात्र मुपात्र जात्रा सुरु गरिन्छ। यस दिन भक्तपुरको भैरव मन्दिरबाट मुपात्र जात्रा निकाल्छ। इन्द्रजात्रा द्वापर युगदेखि सञ्चालन भए पनि मल्लकालमा भक्तपुरका राजा जगतप्रकाश मल्लले देवीपुराण र पद्मपुराणहरूको संकलन गरी ती पुराणका कथाका आधारमा दृश्य अनुकरण गरी जात्रा प्रचलनमा ल्याएको इतिहास तथा संस्कृतिविद् प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठले बताए।

लोककथनअनुसार स्वर्गका राजा देवराज इन्द्रकी आमा वसुन्धरालाई भाद्रशुक्ल चौथीका दिन व्रत बस्न पारिजात फूलको खाँचो पऱ्यो। इन्द्रले आफ्ना छोरा जयन्तलाई पारिजातको फूल खोज्न पठाए। जयन्त पारिजातको फूल खोज्दै दैत्यहरूको बगैँचामा प्रवेश गरे। दैत्यहरूले उनलाई देखेर पक्रेर दोबाटोमा लगेर खम्बामा बाँधेर राखे। यो कुरा इन्द्रले थाहा पाई दलबलसहित आएर दैत्यहरूसँग लडाइँ गरे। लडाइँमा इन्द्रको जित भयो। दैत्यहरूले इन्द्रको सेनालाई जयन्त भएको स्थानमा लिएर गए। त्यहाँ दैत्यहरूले जयन्तलाई बाँधेको डोरी काटेर माफी माग्छन्। सो क्रममा दैत्यहरूलाई जनतामाझ सहर परिक्रममा गराइएको भन्ने विभिन्न ग्रन्थहरूमा उल्लेख भएको आधारमा जात्रा प्रारम्भ गरिएको किम्वन्दती रहेको प्रा.डा. श्रेष्ठ बताउँछन्।

भक्तपुरमा इन्द्रजात्रा देशमा सुख, शान्ति, समृद्धि कायम होस्, कुनै पनि प्राकृतिक विपत्ति आइनलागोस्, देशमा अनिकाल, महामारी, अतिवृष्टि नहोस्, काल र शत्रुनाश होस् भन्ने उद्देश्यले मनाउँदै आएको प्रा.डा. श्रेष्ठले बताए। साथै, यस जात्राले मूला चोर पनि चोर घोडा चोर पनि चोर नै हो भन्ने मुख्य सन्देश दिएको उनको भनाइ रहेको छ। *रासस*

# Chaurjahari Municipality
## Office of Municipal Executive
### Churjahari Rukum (West)
### Karnali Province, Nepal

## INVITATION FOR BIDS

***Construction of Health Post Building (Type-1) Chaurjahari Municipality-14, Rukum (West)***

**Invitation for Bids No:- CJM/WORKS/NCB/01/080/081**

***Date of Publication:- 2080/06/09***

1. The **Chaurjahari Municipality** has allocated funds towards the cost of following projects and intends to apply part of the funds to cover eligible payments under the Contract for following projects. Bidding is open to all eligible Nepalese Bidders.
2. **Chaurjahari Municipality** invites electronic bids from eligible bidders for the following projects under National Competitive Bidding procedures.
3. Eligible Bidders may obtain further information at the **Chaurjahari Municipality, Chaurjahari Rukum (west)** *Mo No:- 9857826111,9841768680 & PPMO website.*
4. Bid must be submitted by egp system from ppmo website before 12:00 PM on (2080/07/10) of Publication. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM on (2080/07/10) at the **Chaurjahari Municipality Office**. If the bidder's representative does not choose to attend for opening, there will be no objection in opening the tender.
6. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security amounting to a minimum of 2-3% of estimated amount, which shall be valid for 30 days beyond the validity period of the bid. If the bidder wishes to submit the bid security in the form of cash, the amount should be deposited on.
   ***Name of the Bank: RBB Chaurjahari Branch***
   ***Name of Office: Chaurjahari Municipality Rukum (West)***
   ***Dharauti Khata no.: 4330100303000002***
   ***Rajaswa Khata no. : 433010030100002***
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

| Contract No. | Name Of Work | Bid document fee (Non- refundable) | Estimated Amount (Including VAT) | Bid Security, |
|---|---|---|---|---|
| CJM/WORKS/ NCB/01/080/081 | Construction of Health Post Building (Type-1) Chaurjahari Municipality-14, Rukum (West) | NRs. 3000/- | Nrs 84,55,696.11 | Nrs. 2,11,500.00 |

**Chaurjahari Municipality**


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : JIA FANG TEXTILE INDUSTRIES

पूर्व स्वीकृति मिति २०७९/०४/२९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०८ LT. No. 269470 चलानी नं. ६०१८५३१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Workers | 60 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज १६ गते (3rd Oct. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**SUN RAY GLOBAL OVERSEAS PVT. LTD.**

918/067/68

Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202, Fax: +977-1-4464202
Email :sunray918@gmail.com, srgoverseas@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MACMET ALKHALEEJ CONSTRUCTIONS

पूर्व स्वीकृति मिति : २०७९/०२/०९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०८ LT. No. 263360 चलानी नं. ६०१७९५४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman | 1 | 0 | 2500 | ९१,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ZAHBEEN LAK HOSPITALITY AND CLEANING

पूर्व स्वीकृति मिति : २०८०/०६/०७ LT. No.292805 चलानी नं. ६०२०८११८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 5 | 1000 | ३६,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज १६ गते (3rd Oct. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**VARSHA MANPOWER PVT. LTD.**

(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)

श्रम इजाजत नं. ९५४/०६७/६८

Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## कुवेत/युएई/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BLU BUN RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८०/०६/०८ LT. No. 293029 चलानी नं.६०२०८१८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef/assistant Chef | 10 | 0 | 150 | ६४,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter/waitress | 8 | 5 | 120 | ५१,६२४ | | | | | | | |

कम्पनी : BRUNETTE SWEETS & PASTRIES CO.

पूर्व स्वीकृति मिति : २०८०/०६/०८ LT. No. 293025 चलानी नं.६०२०८१८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 4 | 0 | 150 | ६४,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Salesperson | 4 | 0 | 130 | ५५,९३० | | | | | | | |

कम्पनी : THE CHEESECAKE MUSEUM RESTAURANT CO.

पूर्व स्वीकृति मिति : २०८०/०६/०८ LT. No. 293028 चलानी नं.६०२०८१८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pastry Cook | 6 | 0 | 150 | ६४,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CHANGES BEAUTY SALON FOR LADIES.

पूर्व स्वीकृति मिति : २०८०/०६/०८ LT. No. 293026 चलानी नं.६०२०८१८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicure / Pedicure / Hairdresser / Beautician / N | 0 | 20 | 150 | ६४,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALMANAR STAR CONSUMER TO DELIVERY COMPANY

पूर्व स्वीकृति मिति : २०८०/०६/०८ LT. No. 293030 चलानी नं.६०२०८१८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 100 | 0 | 130 | ५५,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : LACASA MEN'S SALON AND INSTITUTE COMPANY

पूर्व स्वीकृति मिति : २०८०/०६/०८ LT. No. 293018 चलानी नं.६०२०८१८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicure & Pedicure | 1 | 0 | 160 | ६८,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SIGNATURE COMPANY FOR GENERAL CLEANING SERVICES FOR BUILDINGS

पूर्व स्वीकृति मिति : २०८०/०६/०८ LT. No. 293027 चलानी नं.६०२०८१८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 4 | 0 | 100 | ४३,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : LOIRE GOLD AND DIAMOND LLC

पूर्व स्वीकृति मिति : २०८०/०६/०७ LT. No. 292953 चलानी नं.६०२०८१२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gold Smith | 2 | 0 | 1200 | ४३,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Jeweller | 3 | 0 | 1200 | ४३,४३५ | | | | | | | |
| 3 | Sales Officer | 4 | 15 | 1200 | ४३,४३५ | | | | | | | |
| 4 | Telecommunication Assistant | 0 | 1 | 1200 | ४३,४३५ | | | | | | | |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

कम्पनी : TSK SYNERGY SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१२/३० पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०८ LT. No. 284760 चलानी नं. ६०२०८१३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 90 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज १६ गते (3rd Oct. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

OMEGA INTERNATIONAL

**Omega International Pvt. Ltd.**

Govt. License No. 1352/074/075

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## देउवाको...

पृष्ठ १ बाट जारी

उनको दोस्रो कार्यकालमा भने कांग्रेस संसद्मा ८९ सिटसहित पहिलो दल बन्यो ।

केन्द्रीय समितिमा पनि ८० प्रतिशत बढी शक्ति आर्जेका देउवा पुरानै शैलीमा फर्कन थालेका कार्यशैलीमाथि संस्थापनइतरले प्रश्न उठाएका छन् । साउनको केन्द्रीय समितिमा देउवामाथि मौनता साँधेका संस्थापनइतरका नेता डा. शेखर कोइरालाले असोज २ गते केन्द्रीय समितिमा देउवाको विरोध गर्ने नीति तय गरेका थिए । सोही तयारीअनुसार केन्द्रीय समितिमा पार्टीका उपसभापति धनराज गुरुङ र महामन्त्री गगन थापाले प्रश्न उठाएका हुन् । कानुनमन्त्रीसमेत रहेका उपसभापति गुरुङले फुटबल खेलको उदाहरण दिँदै गुटको आधारमा कसैलाई काखा कसैलाई पाखा गर्न नहुने धारणा राखे । 'महाधिवेशनमा एउटा टिम सेलेक्ट गर्ने क्रममा प्रतिस्पर्धा भयो । कांग्रेसको टिम बनाउने क्रममा कोही कताबाट, कोही कृष्ण सिटौलाको टिमबाट, कोही डा. शेखर कोइरालाको टिमबाट आइपुगे,' गुरुङले भने, 'जताबाट आए पनि टिम क्याप्टेन तपाईं नै हो । ११ जना क-कसलाई उतार्ने भन्ने त तपाईंकै हो । महाधिवेशनमा कमजोरलाई नराख्ने भन्ने त टिम क्याप्टेनले गर्नुहुन्न भन्ने छ । तर तपाईंले अब्बललाई उतार्ने हो भने गोल पोस्टमा गोल छिर्न सक्छ । त्यही ढंगले अघि बढिदिनुहोस् भन्ने मेरो आग्रह हो ।'

धनराजले प्रश्न गरेपछि देउवाले झोक्किँदै भनेका थिए, 'तपाईंलाई मन्त्री दिएँ त ।' त्यसपछि धनराजले क्याप्टेन्सी चुस्तरूपले अघि बढाउन र अब्बल खेलाडीलाई बेञ्चमा नराख्न आग्रह गरे । 'अब्बल खेलाडीलाई अघि बेञ्चमा नराख्नुस्,' गुरुङले भने ।

महामन्त्री थापाले गुटको आधारमा भागबण्डा गर्ने प्रथा बन्द हुनुपर्ने माग राखे । 'संसदीय दलको नेतामा मैले प्रतिस्पर्धा गरें । पार्टी सञ्चालन गर्ने बाटोमा तिमीले पाएको मतको नेतृत्व तिमी गर, मैले पाएको मतको प्रतिनिधित्व म गर्छु भनेर भागबण्डा भयो,' उनले भने, 'यो नगरौं भन्ने आएको छ अहिले । सभापतिले निर्णय गर्ने हो, चाहे दलको कुरा होस्, चाहे मन्त्री बनाउने कुरा ।'

सभापतिले निर्णय गर्दा न्यायोचित हुनुपर्ने धारणा महामन्त्री थापाको धारणा थियो । 'भूपेन्द्रजंग शाही र जगदीश्वर नरसिंह केसीहरूले न्याय पाएन भन्ने ठाउँ राख्न भएन । सभापतिको निर्णय न्यायोचित हुनुपर्छ । नौ जना मन्त्री बनाउँदा छ जना म बनाउँछु तीन जना तिमी बनाऊ भन्ने भयो,' थापाले भने, 'पार्टीभित्र महाधिवेशन भयो । न्याय भएको महसुस गर्न पाउनुपर्‍यो नि ! पार्टीले सभापतिले गर्ने निर्णयमा आँखा चिम्लेर मान्न सक्नुपर्ने अवस्था बनाउँ न त । गुटबन्दी नगरौं । एकथरी मान्छेचाहिँ ढोकाबाटै आधाबाटै रोकिएपछि अर्कोबाट छिरिहाल्छ नि ।'

बैठकमा आफ्नै पार्टीका नेता अर्थमन्त्री हुँदा पनि सरकारको 'पर्फमेन्स' शून्य भएको भन्दै संस्थापनपक्षबाट विरोध भएको थियो । अर्थशास्त्र पढेका डा. प्रकाशशरण महत अर्थमन्त्री हुँदा पनि अर्थतन्त्र भने ओरालो लागेकोमा कांग्रेसले बेलैमा सोच्नुपर्ने केन्द्रीय नेताहरूको भनाइ थियो ।

### आफैं सहभागी सरकारसँग पाँच माग

अहिले सरकारको प्रमुख साझेदार दल हो नेपाली कांग्रेस । संसद्मा पहिलो दल नेपाली कांग्रेसबाट सरकारमा नौ जना मन्त्री छन् । प्रधानमन्त्री पुष्पकमल दाहाल चीन भ्रमणमा रहेकाले कार्यवाहक प्रधानमन्त्री कांग्रेसकै उपसभापति पूर्णबहादुर खड्का छन् । यद्यपि आफ्नै नेतृत्वको सरकारसँग कांग्रेसले केन्द्रीय समितिमार्फत पाँच माग प्रस्तुत गरेको छ । कांग्रेसले आफ्नो सहमहामन्त्री महेन्द्र यादवमाथिको घटनालगायत विषयलाई लिएर प्रशासनसँग सुरक्षाको माग प्रभावकारी परिचालन गर्न माग गरेको हो ।

त्यसैगरी कांग्रेसले महँगी नियन्त्रण गरी खाद्यवस्तु सुलभ बनाइ उपभोक्तालाई राहत दिन माग गरेको छ । संविधान कार्यान्वयनसँग जोडिएका र संविधानसम्मत संशोधित कानुनहरू अविलम्ब बनाउन पनि कांग्रेसले सरकारसँग माग गरेको छ । त्यसैगरी कांग्रेसले जातीय सद्भाव कायम गर्न सरकारसँग माग गरेको छ । बाढीपहिरोबाट प्रभावित घरपरिवार अनावृष्टिका कारण खेतिपाती लगाउन नपाएका र लम्पी स्किन रोगका कारण चौपाया पशु मरेर ठूलो नोक्सानी बेहोरेका निम्न वर्गका किसानहरूले अझै पनि राहत क्षतिपूर्ति पाउन नसकेको व्यापक जनगुनासो रहिआएकोले तत्काल त्यस्ता गुनासोहरू सम्बोधन गर्न पनि कांग्रेसले सरकारसँग माग गरेको छ ।

### 'कांग्रेसको धार तलमाथि भए सरकार ढल्छ'

कांग्रेसका उपसभापतिसमेत रहेका कार्यवाहक प्रधानमन्त्री पूर्णबहादुर खड्काले केन्द्रीय समितिमै मुलुकको पछिल्लो परिस्थिति राम्रो नरहेको बताएका छन् । 'मुलुकको परिस्थितिमा जातीय क्षेत्रीय कुराका संकेत राम्रा छैनन् । त्यसका लागि कांग्रेसले सद्भाव कायम गर्नुपर्छ,' खड्काले केन्द्रीय समितिमा भने । उनले कांग्रेसले मध्यमार्गी धार अपनाएको र उक्त धार तलमाथि भए सरकार गर्ल्यामगुर्लुम ढल्ने संकेत गरे । 'कांग्रेसको माध्यमार्गी धार अलिकति तलमाथि भयो भने सबै कुरा गर्ल्यामगुर्लुम ढल्ने खतरा छ,' कार्यवाहक प्रधानमन्त्री खड्काले भने ।

## १३ विषयमा...

पृष्ठ १ बाट जारी

चीनको कृषि तथा ग्रामीण सम्बन्ध मन्त्रालय र नेपालको कृषि तथा पशुपक्षी विकास मन्त्रालयबीच कृषि, पशुपक्षी र माछापालनको विकासका लागि सहकार्य गर्ने विषयका लागि पनि सहमति भएको छ । यसमा कृषि तथा पशुपक्षी मन्त्रालयका पशुपक्षी विकास सचिव डा. रेवती रमण पौडेल र चिनियाँ अधिकारीबीच हस्ताक्षर भएको छ ।

चीनको वाणिज्य मन्त्रालय र नेपालको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयबीच सन् १९८१ मा भएको चीन नेपाल व्यापार र भुक्तानी सम्झौताको समीक्षा र परिमार्जनका लागि संयुक्त प्राविधिक कार्यसमूह गठन गर्ने विषयमा पनि सहमति भएको छ । सो सहमतिपत्रमा वाणिज्य तथा आपूर्तिसचिव मधुकुमार मरासिनी र चिनियाँ अधिकारीबीच हस्ताक्षर भएको छ ।

सो अवसरमा चीनको सामान्य प्रशासन, भन्सार मन्त्रालय र नेपालको कृषि र पशुपक्षी विकास मन्त्रालयबीच नेपालबाट चीनमा औषधि उत्पादनका लागि वनस्पति निर्यातसम्बन्धी प्रोटोकलमा सहमति भएको छ । उक्त प्रोटोकलमा कृषि तथा पशुपक्षी मन्त्रालयका पशुपक्षी विकास सचिव डा. रेवतीरमण पौडेल र चिनियाँ अधिकारीबीच हस्ताक्षर भएको छ ।

चिनियाँ प्रेस तथा प्रकाशन विभाग र संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबीच प्राचीन ग्रन्थ अनुवाद र प्रकाशन गर्ने विषयमा सहमति भएको छ । सो सहमतिपत्रमा राजदूत श्रेष्ठ र चिनियाँ अधिकारीबीच हस्ताक्षर भएको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र चीनको विज्ञान तथा प्रविधि मन्त्रालयबीच विज्ञान, प्रविधि र नवप्रवर्तनका क्षेत्रमा सहकार्य गर्ने विषयमा सम्झौता भएको छ । सो सम्झौतामा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव सुरेश अधिकारी र चिनियाँ अधिकारीबीच हस्ताक्षर भएको छ । साथै, प्रकोप सामग्री, मानव संशाधन र हिल्सा-सिमकोट सडक परियोजनाका विषयमा राजदूत श्रेष्ठ र चिनियाँ अधिकारीबीच सहमतिपत्रमा हस्ताक्षर भएको छ ।

### प्रधानमन्त्री दाहाललाई "गार्ड अफ अनर"

प्रधानमन्त्री दाहाललाई ग्रेट हल अफ दि पिपलमा 'गार्ड अफ अनर' प्रदान गरिएको छ । प्रधानमन्त्री दाहाललाई चीनको राष्ट्रिय जनमुक्ति सेनाको विशेष टुकडीले सोमबार 'गार्ड अफ अनर' प्रदान गरेको हो । त्यसअघि प्रधानमन्त्री दाहाललाई उनका चिनियाँ समकक्षी लि छ्याङले ग्रेट हल अफ दि पिपलमा स्वागत गरेका थिए । *रासस*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DEL MONTE SAUDI ARABIA CO LTD
पूर्व स्वीकृति मिति: २०८०/०६/०८ LT. No.293033 चलानी नं. ६०२०८१९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fruit and Vegetable Preservation Labour | 26 | 0 | 1000 | ३५,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GULF REKAZ EST FOR MAINTAINANCE AND CLEANING
पूर्व स्वीकृति मिति: २०८०/०६/०८ LT. No.293002 चलानी नं. ६०२०८१५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hotel Housekeeping | 13 | 0 | 1000 | ३५,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज १६ गते (3rd Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३८४/०५९/०६०

**Pigeon International Overseas Pvt. Ltd**
Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal
Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np
Website www.pigeoninternational.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOHAMMED RASHID SALEM AL-AZMI GENERAL CONTRACTING EST.
पूर्व स्वीकृति मिति २०८०/०६/०७ LT No.292940 चलानी नं.६०२०८१०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading Unloading Labor | 2 | 0 | 1000 | ३५,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज १६ गते (3rd Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1518/074/075

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 9856028101, 981-6692574
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL EID FOOD CO
पूर्व स्वीकृति मिति : २०८०/०६/०८ LT. No. 292824 चलानी नं. ६०२०८१४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helpers | 20 | 10 | 120 | ५१,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज १६ गते (3rd Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Nexus Human Resource Pvt. Ltd.** Govt. License 1463/074/075
Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787
Mbl N. 9843103248, 9841093498, 9840747493

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MEWAH VISION SDN.BHD.
पूर्व स्वीकृति मिति २०८०/०६/०८ LT. No. 292980 चलानी नं. ६०२०८१५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 15 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज १६ गते (3rd Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA RECRUITMENT HR PVT LTD Govt.Lic.No- 1168/073/074

**MINAWA RECRUITMENT H.R. PVT LTD**
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | Mobile: 9843030000, E:-minawarecruitment@gmail.com | w:-www.minawarecruitment.com

## ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAJ ALYASMIN TRADING
पूर्व स्वीकृति मिति: २०८०/०६/०७ LT. No. 292740 चलानी नं. ६०२०८१४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 3 | 120 | ४१,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज १६ गते (3rd Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १००४/०६८/०६९

**Nepal Recruitment Consultancy Pvt. Ltd.**
Sambhu Marg-Airport, Kathmandu, Nepal, Tel.: +977-1-4585649/ 4585648/ 4585647

## कुवेत/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CANPOWER GENERAL TRADING & CONTRACTING CO.
पूर्व स्वीकृति मिति २०७९/०७/१७ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०८ LT. No. 274815 चलानी नं. ६०१९०४५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Constructing Worker | 28 | 0 | 100 | ४२,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज १५ गते (2nd Oct. 2023) मा हुनेछ ।

कम्पनी : GENERAL MACHINERY CO LTD, A BRANCH OF THE PROFESSIONAL BUSINESS INVESTMENT COMPANY IS A ONE PERSON C
पूर्व स्वीकृति मिति २०८०/०५/३१ LT. No. 292627 चलानी नं. ६०२०८०२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 4 | 0 | 1800 | ६३,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL RASHED FOOD COMPANY LIMITED
पूर्व स्वीकृति मिति २०८०/०६/०७ LT. No. 292790 चलानी नं. ६०२०८१०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 11 | 0 | 1800 | ६३,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज १६ गते (3rd Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. Licence No.: 1312/074/75

**National Exports Manpower Consultant Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652
E-mail : nationalexportsmc@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALNO INDUSTRY SB
पूर्व स्वीकृति मिति २०७९/०४/०८ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०८ LT. No. 267912 चलानी नं. ६०१८३७९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturings | 60 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज १६ गते (3rd Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1342/074/75

**Muskan Overseas Pvt. Ltd.**
Samakhushi -26, Kathmandu, Nepal, Tel: 01-4959026, 4963094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MIDDLE EAST MANPOWER SERVICES
पूर्व स्वीकृति मिति : २०८०/०५/११ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०८ LT. No. 291710 चलानी नं. ६०२०६९०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Helpers | 20 | 0 | 1000 | ३६,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Scaffolder | 50 | 0 | 1200 | ४३,२१५ | | | | | | | |
| 3 | Scaffolding Foreman | 5 | 0 | 2000 | ७२,०२५ | | | | | | | |
| 4 | Scaffolding Supervisor | 5 | 0 | 2500 | ९०,०३० | | | | | | | |
| 5 | Skilled Labor | 20 | 0 | 1200 | ४३,२१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज १६ गते (3rd Oct. 2023) मा हुनेछ ।
मोरङ, बेलबारी, चेमजोङ ट्रेनिङ सेन्टरमा मिति: २०८० असोज १७/१८/१९ गते (4/5/6 Oct. 2023) मा हुनेछ ।
सम्पर्क (मोरङको लागि): ९८०२०१०१८८/ ९८१८६४६५६७ *(Chandra Chemjong Limbu)*

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Munal Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4461297, 4468625, Fax: +977-01-4462046

## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी :RENTOKIL INITIAL (B) SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०२/१७ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०८ LT. No.277691 चलानी नं. ६०१९६९०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 296 | 0 | 460 | १६१,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: Dang, Ghorahi Hotel Mala Inn मा मिति: २०८० असोज १६ गते (3rd Oct. 2023) मा हुनेछ ।
Sunsari, London Hotel मा मिति: २०८० असोज १७ गते (4th Oct. 2023) मा हुनेछ ।

कम्पनी :RENTOKIL INITIAL B SDN. BHD.
पूर्व स्वीकृति मिति २०७९/०२/२७ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/०८ LT. No.264732 चलानी नं. ६०१८०८१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 120 | 80 | 400 | १४०,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Vehicle Driver | 15 | 0 | 650 | २२८,३२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: Dang 3, Ghorahi Hotel Mala Inn मा मिति: २०८० असोज १६ गते (3rd Oct. 2023) मा हुनेछ ।
प्रि- अन्तरवार्ता संस्थाको कार्यालयमा धमाधम भइरहेको छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १००१/०६८/६९

**MOBHIRA H.R. SERVICE PVT. LTD.**
Gaushala, Bijayachowk, Kathmandu BAGMATI
Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# आफ्नालाई जोगाउन चलखेल !

सरकारले ६२ किलो सुन प्रकरणलाई कमजोर बनाउन फेरि चलखेल सुरु भएको छ । साउन ३ गते त्रिभुवन विमानस्थलबाट बाहिरिएको सुनलाई राजस्व अनुसन्धान विभागले नियन्त्रणमा लियो । सय किलो भनेर प्रचार गरिएको सुन गाल्दा पुगनपुग ६२ किलो भयो । सुरक्षा घेरा तोडेर तस्करको जालोमा पर्न लागिसकेको सुनलाई राजस्वले बरामद गर्नु एउटा सफलता थियो । पछि राजस्वले अनुसन्धान नै गर्न नसक्ने भन्दै एक किसिमको हौवा फिजाइयो ।

अनुसन्धानमा प्रहरीको अनसन्धान ब्युरो(सिआइबी)लाई कसैले भेट्टाउन नसक्ने प्रचार भयो । त्यसपछि 'हो रे हो' मा लाग्यो सरकार पनि । उक्त सुन अनुसन्धानको जिम्मा सिआइबीले पायो । सिआइबी पनि के कम ? केही पार लगाउन सकेन । जनशक्तिको अभाव भन्दै सिआइबीले सुन प्रकरण अनुसन्धानमा थप खुट्टा अगाडि बढाएन । पछिल्लो दिनहरूमा नेपालमा चीनको नाका हुँदै सुन भित्रिने क्रम जारी छ । त्यसैगरी हवाईमार्गबाट पनि सुन भित्रिन थालेको पुरानै विषय हो । नेपालमा सुनको कोटा थोरै भएकोले अवैध रूपमा सुन भित्र्याएको भनिए पनि यहाँ भित्रिने अवैध सुनको बजार भारत भएको बताइन्छ । बीचमा पाइने कमिसन तस्करहरूका लागि राम्रो कमाइ हुने प्रहरी अनुसन्धानबाट खुलेको छ ।

यस्तै धन्दामा नेपालका नेताहरूको नामसमेत जोडिन्छ । विशेषगरी माओवादी नेताहरूको नाम सुन प्रकरणमा जोडिएको छ । नेताका छोराछोरीको नाम पनि सुनकाण्डमा मुछिएपछि मुद्दा कमजोर पार्दै लगिएको कतिपयको आरोप छ । यही विषयमा प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले उच्चस्तरीय छानबिन आयोग गठन गर्न माग गरेको थियो । आयोग माग गर्दै एमालेले संसद्समेत लामो समय अवरोध गरेको थियो । पछि आयोग बनाउने सहमतिमा संसद् अवरोध टुंगियो । यद्यपि आयोग पनि प्रतिवेदन छाप्नेबाहेक केही न कामको भनिन्छ ।

सिआइबीले सत्ता नेतृत्व दल नेकपा माओवादी केन्द्रका उपाध्यक्ष कृष्णबहादुर महरालाई अनुसन्धानको दायरामा तान्न सकेन । यसले सिआइबीको अनुसन्धानमाथि प्रश्न उठेको भन्दै गठन हुन लागेको आयोगलाई सुन तस्करीमा संलग्नहरूविरुद्ध कारबाही सिफारिसको कार्यादेश आवश्यक हुने देखिएको छ । तर, गठबन्धन सरकारमा जुनसुकै कमजोरी, गल्ती पनि मिलीजुली छोप्ने चलन छ । यसैले पनि ६१ किलो सुनको मुद्दा दिनानुदिन कमजोर बन्दै गएको हो । सुन प्रकरण सरकारले यसरी गिजोलेको छ कि अब सही के हो गलत के होलाई गोलमाल पारिदिएको छ । आफ्नो जोगाउन र उम्किन धमिलो पानीमा माछा मार्ने काम गर्नु कदापि ठीक हुन्न । सुन तस्करीमा संलग्न कसैलाई पनि उन्मुक्ति दिने काम नगरियोस् ।

# विशेषज्ञ पत्रकारिताका लागि विधागत अभ्यास



▶▶ विनोद ढुंगेल

> कुनै विषयमा विशेषज्ञता हासिल गरेर कर्मक्षेत्रमा डटेको पत्रकारले सबै प्रकारका चुनौतीलाई छिचोल्न सक्छ, त्यस्तो पत्रकारलाई पत्रकारिताको दुनियामा अगाडि बढ्न र सफलता हासिल गर्नबाट कसैले रोक्न सक्दैन । त्यसका लागि पूर्वसर्त भने अवश्य छ । त्यो हो-पत्रकारिताप्रतिको निष्ठा र त्यसअनुकूलको आचरण कायम राख्दै पेसागत योग्यता, दक्षता, इमान्दारिता र लगनशीलता ।

मान्छेको रुचि र छनोटमा एकरूपता छैन, हुँदैन । विकासको प्रारम्भिक युगदेखि अहिलेको सूचना प्रविधिको युगसम्ममा विविधता झन् बढ्दो छ । बढ्दो विविधताका क्षेत्रमा जीवनका अन्य क्षेत्रमा जस्तै सूचना प्रवाहका क्षेत्रमा पनि रुचि परिवर्तन भएका छन् । सूचना प्रवाहका माध्यम त फेरिएका छन् नै, तिनमा परिस्कार र सूचनाको विशिष्टता पनि तिखारिँदो छ ।

फेरिँदो र थपिँदो रुचिको क्षेत्रका लागि पत्रकारिताको सेवा पनि तिखारिँदो छ, माझिँदो छ । विस्तारित आयतन र लम्बाइका हरेक बिन्दुमा नवीन सूचना र जानकारीका नवीन आयाम भेटिँदा छन् । सूचनाको विस्तारलाई समेट्नका लागि पत्रकारिता क्षेत्र पनि विस्तारित हुन अग्रसर छ, हरेक बिन्दुका खबर खुट्याउँदै गहिराइमा पुगेर समाचार टिप्न समाचारकर्मीहरू तयार छन् र सूचनाको छनोट गर्दै परिस्कृतलाई उपभोग गर्ने वा अन्यलाई तिरस्कार गर्ने अधिकारका साथ पारखीहरू सर्वत्र तैनाथ छन् ।

छापा, रेडियो, टेलिभिजन हुन् वा इन्टरमाध्यम नै किन नहोउन्, सबैका लागि सूचनाका उपभोक्ताको रुचि प्राथमिक पक्ष हो । यस लेखमा मानवीय रुचिलाई प्राविधिक विकासले परिस्कार र विस्तार गर्दै जाँदा पत्रकारितामा पनि विशिष्टीकृत विधाहरूको विकास भइरहेको सन्दर्भ र त्यसको लाभको चर्चा गरिन्छ ।

इतिहासलाई नियाल्दा सूचना प्रापकका रुचिका जगमै सूचना प्रदायकहरू टिकेका देखिन्छन् । अहिलेसम्मको खोज-अनुसन्धानका आधारमा पत्रकारीय पहिलो उत्पादन प्राचीन रोमको इशा पूर्व ५९ को एक्टा डिउर्ना पाठकको रुचिको विषय थियो । चीनमा ताङ्वंशीय शासन (सन् ६१८-९०७) मा सुरु भई चिङ्वंशीय शासनको अन्त्यताका (सन् १९१२) सम्म सरकारी अधिकारीहरूलाई बाँडिने केङ्ग-पौ वा केङ्ग-त्चाउ अर्थात् पेकिङ् गजेट नामको सरकारी बुलेटिनका हकमा पनि यही कुरा लागू हुन्छ । सूचना प्रदायक र प्रापकका रुचिको रुचि नमिल्ने हो भने कुनै पनि माध्यम टिक्न सम्भव हुन्न ।

पाठकको रुचि नै नहुँदो हो त सन् १६०९ तिर युरोपेली राष्ट्रहरू बेल्जियम र जर्मनीतिर नियमित पत्रपत्रिका देखापर्ने थिएनन् । सन् १६२२ मा दुनियाकै पहिलो अंग्रेजी अखबार विक्ली न्युज र सन् १७०२ मा पहिलो दैनिक पत्रिका दि डेली कुराण्ट पनि पाठकको रुचि बिना अस्तित्वमै आउने थिएनन् । मान्छेको अनन्त जिज्ञासाले प्रविधिको विकास गराएको हो भने त्यसमै टेकेर पत्रकारिताको बिस्तार पनि हुँदै गएको हो । त्यही प्रक्रियाबाट सन् १९०९ मा अमेरिकी इञ्जिनियर चार्ल्स हेर्रोडलाई अमेरिकाको क्यालिफोर्नियामा संसारकै पहिलो रेडियो स्टेसन केक्युडब्ल्यू खेल्ने अग्रसरता पलाएको हो । त्यो अग्रसरतामा पत्रकारिताको स्वाद थपिँदै गएकोले नै उनलाई आफ्नो इञ्जिनियरिङ कलेजबाट सञ्चालित संसारकै पहिलो त्यो रेडियो स्टेसनबाट फुटकर समाचार प्रसारण गर्ने कुतकुती लागेको हो ।

त्यतिमात्र होइन, पत्रकारीय सामग्रीप्रतिको मोहकै नतिजास्वरूप कोलम्बिया ब्रोडकास्टिङ सिस्टम (सिबिएस इन्कर्पोरेटेड)ले किनेर केसिबिएस भएको २८ वर्षपछि सो संस्थाको पहिचान नै परिवर्तन पनि समाचारीय सामग्रीप्रतिको मोहकै नतिजा हो । अर्थात्, त्यतिञ्जेलका सम्पूर्ण सांगीतिक कार्यक्रमहरू बन्द गरेर सन् १९६८ पछि हालसम्म सो रेडियोलाई समाचार-रेडियो बनाउने निर्णय त्यसका सञ्चालकहरूको समाचार-मोहकै नतिजा हो ।

प्रविधिको विकाससँगै माध्यमहरू थपिँदा समाचारीय सामग्रीको रूप फेरिँदो छ, तर सार उही छ । त्यस्तो सामग्रीको सान्दर्भिकता मासिँदो छैन, प्रस्तुतिको पारामात्र फेरिँदो छ । टेलिभिजन प्रविधिले यान्त्रिक प्रविधिको क्रम भंग गरेर विद्युतीय विकास-यात्रा तय गर्नुका पछाडि पनि जिज्ञासु मानव मस्तिष्कको सृजनशीलताले काम गरेकै हो । त्यस्तो आविष्कारलाई स्वीकार र अंगीकार गर्ने प्रविधि-प्रेमी मानव-चाहना नुहँदो हो त वैज्ञानिक आविष्कार फगत कागजको फूल हुने थियो ।

मानवीय चाहनालाई च्याप्प समात्न सक्ने मगजले नै सन् १९२८ मा पहिलो टेलिभिजन स्टेसनको रूपमा अमेरिकामा डब्ल्यु३एक्सकेको स्थापना गरेको हो । नयाँ-नयाँ प्राविधिक विकासको फड्को मार्दै यो माध्यम समाचारीय दृष्टिले प्रभावकारी हुने ठम्याइले नै सन् १९४७ मा संसारमै पहिलोपल्ट टेलिभिजनको पर्दामा समाचार प्रसारण सम्भव भएको हो । र, द वाल्टर कम्प्टन न्युजमार्फत इतिहास रच्न अमेरिकाको डुमौं टेलिभिजन नेटवर्क त्यो इतिहास रच्न सफल भएको हो ।

सन् १९९९ मा भारतीय जनसञ्चार संस्थान (आइआइएमसी) का तत्कालीन अध्यक्ष बलवीर के. पुञ्जले पत्रपत्रिका, रेडियो र टेलिभिजनजस्ता सबै माध्यमले 'एकार्काको सहअस्तित्वलाई सहर्ष स्वीकारिरहेको' महसुस गरेका थिए । चन्द्रकान्त पी. सिंहको टेलिभिजन पत्रकारितासम्बन्धी हातेपुस्तक 'बिफोर दि हेडलाइन्स्'को प्राक्कथनमा उनले त्यस्तो मूल्यांकन गरेको अहिले २५ वर्ष भएको छ । यस कालखण्डमा के छापा, के रेडियो र के टेलिभिजन सबै माध्यमको अस्तित्वलाई इन्टरनेटले आफूमा समाहित गरिसकेको छ । यो नयाँ माध्यममा नबेरिने कुनै पनि माध्यमको अस्तित्वको कल्पना गर्नु पनि असान्दर्भिक भइसकेको छ ।

सन् १९७० को दशकमा इन्टरनेटको जन्म भएपछि अरु क्षेत्रमा जस्तै पत्रकारितामा पनि सर्वाधिक परिवर्तन देखियो, प्राविधिक विकासको नयाँ राजमार्ग तयार भयो । त्यही राजमार्गमा खडा भएर सन् १९७४ मा दुनियाँको पहिलो अनलाइन अखबारका रूपमा (प्लाटो) न्युज रिपोर्ट देखापर्‍यो ।

त्यसपछि पत्रकारिताको दुनियाँ विभिन्न कोणबाट पुनःपरिभाषित हुँदै छ । सन् १९८० को मध्यतिर कोलम्बस डिस्प्याच अनलाइनमा जाने पहिलो पत्रिका बनेयता सबै माध्यमहरू एकपछि अर्को गर्दै यही इण्टरनेट माध्यममा शरणागत भएका छन् । यही उपायबाट मात्र अस्तित्व जीवित रहने र विकासको यात्रामा अघि बढ्नसक्ने ठहरसहित के छापा, के विद्युतीय- सबै माध्यम नयाँ सूचना र सञ्चार प्रविधिको जालोमा जोडिइसकेका छन् ।

पत्रकारिताको शताब्दी लामो अनुभव र प्राविधिक यात्रालाई सामान्यीकरणबाट विशिष्टीकरणतर्फ मोड्न सबैले सञ्चारको नयाँ जालोमा जोडिने उपाय रोजेका छन् । अभ्यास र अनुभवका आधारमा हेर्दा अनेक विधामा पत्रकार र मिडियाको विकास भइरहेको छ । नेपालमै पनि भारतबाट सुरु भएको पहिलो नेपाली पत्रिका गोरखा भारत जीवन, पहिलो नेपाली पत्रिका सुधासागर, पहिलो समाचारपत्र गोरखापत्र, पहिलो रेडियो रेडियो नेपाल, पहिलो टेलिभिजन नेपाल टेलिभिजन र पहिलो नेपाली अनलाइन दि नेपाल डाइजेस्ट हुँदै अहिलेसम्मको यात्रा पत्रकारिताको विशिष्टीकरणतर्फ अग्रसर छ ।

व्यावसायिक अभ्यासका क्रममा नेपाली पत्रकारिताजगतले तय गरेको विशिष्टीकरणको यात्राले नै बिट रिपोर्टिङ वा विधागत पत्रकारिताको विकास गराएको हो । व्यावसायिक अभ्यासका लागि अनुभवी र अग्रज पत्रकारहरूले विधागत पत्रकारिताको अध्ययन, अवलोकन, अनुभव र अभ्यासका आधारमा लेखेका वा बोलेका सामग्री अरूका लागि पथप्रदर्शक हुन्छन् । पत्रकारिताका पाइला टेक्दै गरेकादेखि विभिन्न विधामा सक्रिय एवं विधागतरूपमा केन्द्रित भएर काम गर्न नपाएका पत्रकारहरूका लागि अनुभवी र अग्रजका पथप्रदर्शन अमूल्य हुन्छन् ।

उनीहरूका रुचिअनुसारका विधामा केन्द्रित गर्न अग्रजका ज्ञानले केही बाटो देखाउँछन् भने विधागत पत्रकारहरूका ज्ञान तथा सीप आर्जनका लागि त्यस्ता सामग्री महत्त्वपूर्ण हुन्छन् । ज्ञान र अभ्यासलाई सहजीकरण गर्ने त्यस्ता सामग्रीको व्यवस्थित उपलब्धताको अभाव भने समाजका अन्य पेसा जस्तै पत्रकारिताका हकमा पनि लागू हुन्छ ।

विशिष्टीकृत पत्रकारिताका लागि गरिने विधागत पत्रकारिताका विधा कति हुन्छन् भन्ने प्रश्न स्वाभाविक रूपमा उठ्छ । तर, अनन्त मानवीय जिज्ञासा शान्त पार्ने सूचनाको सेवाको यो क्षेत्रमा पत्रकारिताको विधा-संख्या किटान भएको छैन र त्यसो गर्न सम्भव र व्यावहारिक पनि छैन । संख्या जतिसुकै भए पनि समष्टीमा विधागत पत्रकारिताका अनेक आयामहरूका पछाडि सूचनाका उपभोक्ताले हासिल गर्ने परिष्कृत सूचनाको लाभ स्पष्ट छ, पत्रकारिता जगतले हासिल गर्ने लाभका पक्षहरू पनि स्पष्ट छन् । विशेषज्ञ पत्रकार हुनुको पत्रकारीय मूल्य उच्च छ । सर्वप्रमुख लाभ त पत्रकारले आफ्नो रुचिको क्षेत्रमा खुलेर काम गर्न पाउनुलाई नै मान्न सकिन्छ ।

पत्रकारिता आफैंमा सूचना र अभिव्यक्तिको स्वतन्त्रताको सेवक पेसा हो । त्यसैले विधागत पत्रकारले आफ्नो रुचिका विषयमा आफूलाई समेत अभिव्यक्त गर्न पाउने नै भयो । यस आधारमा हेर्दा विधागत पत्रकारिताले भन्नेबित्तिकै सम्बन्धित विषयमा पत्रकारको पनि विशेषज्ञता आवश्यक पर्छ । त्यसो नभई विधागत पत्रकारिता सम्भव छैन । विशेषज्ञताका साथ पत्रकारिता गर्दा पत्रकारको निपूर्णता र निखार बढ्दै जान्छ । त्यसले पत्रकारिताभित्र मात्र नभएर बाहिर पनि अवसरको ढोका फराकिलो पार्न सक्छ ।

नियमित पत्रकारीय अभ्यासका कोणबाट हेर्दा बिट रिपोर्टिङका निर्विवाद अनेक लाभ छन् । स्रोतसाधनको बचत पहिलो लाभ हो । आफ्नो बिटमा अनुभवी बिट रिपोर्टरहरूलाई चाहिने सूचना कहाँ, कसरी र कोसँगबाट पाउन सकिन्छ भन्ने स्पष्ट जानकारी हुन्छ । त्यसैले विधागत दक्षता नभएका पत्रकारलेभन्दा उनीहरूले सहज, सुलभ, चुस्त, चाँडो र पक्का सूचना ल्याउन सक्छन् । समाचार-स्रोतहरूसँग दीर्घकालीन र विश्वासिलो सम्बन्ध हुने भएकाले बिट रिपोर्टरहरूले उच्च समाचार-मूल्यका जानकारी ल्याउन सक्छन् ।

विधागत समाचार सामग्री प्रवाहका कारणले नै पत्रपत्रिका तथा कतिपय वेबसाइट स्थानीय मिडियाका समाचारभन्दा फरक र गहन देखिन सक्छन् । कुशल विशेषज्ञतायुक्त पत्रकारका गम्भीर सामग्रीका आधारमा नै प्रभावकारी प्रसारण माध्यमहरूसँग पनि पत्रपत्रिकाले प्रतिस्पर्धा गरिरहेका हुन्छन् । कुनै विषयमा विशेषज्ञता हासिल गरेर कर्मक्षेत्रमा डटेको पत्रकारले सबै प्रकारका चुनौतीलाई छिचोल्न सक्छ, त्यस्तो पत्रकारलाई पत्रकारिताको दुनियामा अगाडि बढ्न र सफलता हासिल गर्नबाट कसैले रोक्न सक्दैन । त्यसका लागि पूर्वसर्त भने अवश्य छ । त्यो हो-पत्रकारिताप्रतिको निष्ठा र त्यसअनुकूलको आचरण कायम राख्दै पेसागत योग्यता, दक्षता, इमान्दारिता र लगनशीलता ।

पत्रकारिताको विस्तारित आयतन, पत्रकारको अग्रसरता र उपभोक्ताको उत्सुकता नै पत्रकारिताको सम्भावनाको भविष्यका निर्धारक हुन् । यी तीन पक्ष खुम्चिए भने मात्र यो क्षेत्रको जोखिम जाग्छ, अन्यथा अवसरकै चहक चम्किन्छ । विश्वको सन्दर्भ यही हो, नेपालको आवश्यकता पनि त्यही हो । यसका लागि सञ्चारजगतले विधागत पत्रकारिताको अभ्यासलाई बढावा दिनु त आवश्यक छ नै, विज्ञजनरूले पनि सान्दर्भिक परिचर्चा र विमर्शहरूमा सक्रिय सहभागिता जनाउनु जरुरी छ । *रासस*

## मननयोग्य

### चाणक्य नीति

चाणक्यलाई कसैले चनैती देओस् । यो चाणक्यको स्वभावमा थिएन । उनको अनुहार रिसले रातो भयो, गम्भीर स्वरमा भने- 'अतः मान्यवर ! तपाईलाई यो विवाह स्वीकार छैन ? ... तपाई सबै सुन्नोस् आँखा चिम्लिएर शासन चल्दैन । तपाई त्यहाँसम्म सोच्न सक्नुहुन्न जहाँसम्म म सोच्न सक्छु । यो विवाहको कार्यले जो राम्रो परिणाम निस्कन्छ त्यसबारे मैले तपाईहरूलाई परिचय दिइसकें, व्यर्थको रुढिवादले राष्ट्रको भविष्य अन्धकारतिर लैजाओस् हो । चाणक्य हुँदा यस्तो हुन सक्दैन । धर्म आफ्नो ठाउँमा छ, तर राष्ट्रय त्यसभन्दा ठुलो छ । सबैतिर युद्ध र डर हुन्छ । त्यसबेला धर्मले राष्ट्र बचाउन सक्छ ? राष्ट्र बचाउन र शान्ति प्रेम चाहिन्छ, त्यही प्रत्येक धर्मको मूल हो । अँ जो पनि धर्माधिकारी उपस्थित हुनुहुन्छ उहाहरू कति धर्मनिष्ठ हुनुहुन्छ यो म राम्रोसँग जान्दछु प्रत्येकको जन्मकुण्डली मसँग छ, यदि भन्नुहुन्छ भने त्यो म राजसभामा पढी सुनाउँछु ।'

चाणक्यको यो गर्जनाले ती पण्डितहरूको क्रोधाग्नि एकदम शान्त भयो । कोही पनि चाणक्यसँग तर्क गर्न अग्रसर देखिएनन् । राज्यसभामा विचित्र सुनसान भयो, यस्तो आभास हुन्थ्यो प्रत्येक व्यक्ति आ-आफ्ना कर्मसँग परिचित छन् । यदि चाणक्यले राज्यसभामा पोल खोले भने त सबै प्रतिष्ठा खत्तम हुन्छ ।

चाणक्यले धेरै समयसम्म सबैलाई चुप देखेर गर्जदै एकपटक पुनः भने-'के अरू सोध्न केही बाँकी छ कसैको ?'

सबै पण्डितले मुखामुख गर्दै भने-'छैन महामात्य ! हामीले सोच्यौं । मगधको सुखसमृद्धिका निम्ति भारत वर्ष र युनान एक हुनुपर्दछ ।'

चाणक्य बुझ्दथे यही हुन्छ । उनी मनमनै खुसीको हाँसो हाँसे र भने- 'यो संसारमा सीधा औंलाले घ्यू निस्कँदैन । यसरी जुन पण्डितले विवाहको विरोध गरेका थिए, तिनै ब्राह्मणद्वारा मन्त्रोच्चारण गराई विधिपूर्वक चन्द्रगुप्त र युनानी राजकुमारीको विवाह सम्पन्न गराइयो ।




▶▶ वैकुण्ठ भण्डारी



# सिंहदरबारभित्र धोकेबाज

*'पिउँदिन भन्दा भन्दै, पिलायो साथीले*
*आउँदिन भन्दा भन्दै, बोलायो साथीले ।*
*सँगै हिँड्ने भन्दै बीचमै छाडिदियो*
*आफ्नो स्वार्थ पूरा गरी सबलाई धोका दियो'*

सिंहदरबार घेर्न पुगेका आन्दोलनकारी शिक्षकमध्येका एक हरिप्रसादको बिलौना यस्तै थियो । जुरुक्क उठ्न नपाउँदै लजमा सँगै बसेका मित्रले अलिअलि सोमरस पिलाइदिएका थिए । पिउँदिन भन्दा भन्दै जबरजस्त नै गराइदिएको थियो । पीडा पोख्न आको हो पीडा भुल्न पिलाइदिएको अरे 'माट्सापलाई' ।

सोमरसको स्वादमा मरीमरी उफ्रिरहेका 'माट्सापलाई' के थाहा, बीचमै धोका पाइएला भनेर । गाउँदेखि सहर आउँदा रात्रिबसमा धेरै अन्तरंगका कुरा भएका थिए । बेरोजगारीका कारण देश छाडेर हिँडेका हरिप्रसादलाई नक्कली भिसा भिडाइदिएका कारण चिलगाडी चढ्ने सपना पनि चकनाचुर बनाइदिएको थियो म्यानपावरले ।

त्यही म्यानपावरले डेढ लाख 'क्वापल्याक्कै' खाइदिएपछि न विदेश जान पायो, न त गाउँ फर्कनसक्ने अवस्था थियो । झोलामा स्नातकोत्तर तहको प्रमाणपत्र बोकेर सहरका गल्लीगल्लीमा घुम्यो । जागिर लगाइदिने भन्दै खुलेका ठग कम्पनीहरूको चंगुलबाट पनि बच्न सकेको थिएन हरिप्रसाद । दुई रूपैयाँको फोटोकपीलाई एक हजार रूपैयाँ तिरेर जागिर पाउने लोभमा साथीभाइसँग ऋण मागेर फाराम भर्दै गयो । त्यहाँ पनि ऊ ठगियो । जागिर लगाइदिने 'जब सेन्टर'ले अरुलाई होइन आफैंलाई पो जागिर खोलेको रैछ । सबसँग फाराम भर्ने अनि प्रलोभनमा पारेर रकम असुल्ने । क्या काइदाको स्वरोजगार ।

'अभागी खप्पर, जहाँ पुगेनि लाग्दछ ठक्कर' भन्ने नेपाली उखान धेरै हरिप्रसादको भाग्य र भविष्य रहेछ । ऊ बेलामा गाउँमा पढाइमा पनि अलि अब्बलजस्तै थिए हरिप्रसाद । जागिर खान सहर छिरे । लोकसेवामा पटक-पटक प्रयास गरेर जहिल्यै 'वैकल्पिक' भए ।

गाउँमा बा आमाले छोरा विदेश पठाका थिए । तर, न त विदेश पुग्यो न त सहराँ जागिर नै पायो । सबै रित्तो भएपछि बल्लबल्ल कसैको भनसुनमा 'राहत' शिक्षक पायो । भूकम्प, बाढीपहिरोजस्ता विपद्मा परेकालाई नगद जिन्सी दिएर राहत उपलब्ध गराएजस्तै ०६२/६३ सालपछि शिक्षक दरबन्दी सरकारले नै रोकेर अनुदान उपलब्ध गराएर शिक्षक राख्यो र पढाउन लगायो ।

त्यही पढाउने शिक्षक राहत शिक्षक बनिरहे । हरिप्रसाद साँच्चै पीडामा थिए । त्यसैबेला उनले राहत शिक्षक पाए । खुरुखुरु काम गरे । उनले कस्तो काम गरे, उनैलाई थाहा होला । सरकारी स्थायी 'माट्साप'हरू अरु कसैलाई खेताला लगाएरै जागिर नखाएका पनि होइनन् । त्यही भएर अहिले सरकारी विद्यालयको शिक्षाको गुणस्तर साँच्चै 'झोले' नै भएको छ । हरिप्रसाद जस्तालाई 'राहत'मा झोले बनाउनेहरू सिंहदरबारमा मोज गरिरहेका छन् । उनै झोलेलाई उल्लु बनाएर सिंहदरबारमा छिरेकाहरूले सरकारी शिक्षा तहसनहस नै बनाइदिए ।

अस्तिसम्म झोलेहरूलाई 'जिन्दावाद र मुर्दावाद'को नारा घन्काउन सिकाएका सिंहदरबारभित्र बस्नेले धोका दिएपछि बल्ल घैंटोमा घाम लागेको छ । शिक्षकजस्तो गरिमामय पदलाई राहत शिक्षक, खेताला शिक्षक, झोले शिक्षक, दले शिक्षक के-के हो के-के !

न्याय खोज्न भनेर रात्रिबस चढेर राजधानी आएका हरिप्रसादहरू 'हिस्स बूढी खिस्स दाँत' जस्तै भए । उनैलाई हाँकेर आएकाहरू सिंहदरबार छिरेका मात्र के थिए । सँगै आएका साथीहरूलाई मुर्छा बनाइदिए । आफ्नो माग पूरा गरे । साथीहरूलाई धोका दिए । राहत राहतमै अड्कियो । हरिप्रसादहरू चुँसम्म पनि बोल्न नसक्ने अवस्थामा पुर्‍याइदिए । हरिप्रसाद अहिले माईतीघरमा बसेर रुँदै छन् । राहत माथि पनि राहत चाहियो ।

विचरा ! ऊ बेला जिन्दावाद र मुर्दावादका नारा लगाएको खेर गयो । अमुक झण्डा वोकेर दौडिएको पनि बिनसिद्दिकै भयो । आफूसँग जिन्दगीको रसरंगका कुरा गर्दै भविष्यको बाटोको योजना बनाउँदै आएकोले पनि सिंहदरबार छिरेर धोका दियो । हरिप्रसादहरू सधैं धोकै धोकामात्र पाएका छन् ।

तर, गरिब छोराछोरी पढाउने सरकारी विद्यालयको राहत शिक्षक बन्न सफल भएका छन् । आँखा खुल्नसके यसले राहत आफू होइन लाखौं अभिभावकलाई हुन्छ । हरिप्रसादहरू आँखा खोल । तिमी त भविष्यका कर्णधार बनाउने लाखौं बालबालिकाको मार्गदर्शक पो हौ त !

हरिप्रसाद तिमीले भन्दा त्यो खेताला लगाउने फिटिक्कै केही गरेकै छैन । कम्तीमा तिमी देश छाडेर गएका छैनौं । सिंहदरबार छिरेको तिम्रै साथीले हजारौं तिमीजस्तालाई धोका दिएर झोला बोकी सकेको छ । मुस्कुराउँदा ख्वामित्का पाउमा लम्पसार परिसकेको छ । अब तिमी पिएर होइन उसैलाई पियाएर मस्त गर्ने बेला पो हौं त । तिमीले पाउने सम्मान त्यो धोकेवाजले पाउने छैन !

त्यो सिंहदरबारले त तिमीहरूलाई मात्र धोका दिएको छैन । तिमीहरूले नै पढाएर पठाएका स्यालहरूले रजाइँमात्र गर्न खोजेका हुन् । तिमीलाई धोका अरुले दिएको हो र ? तिमीले जस्तो शिक्षा दियौं उसले त्यस्तै गरेको छ । आखिर राजनीति गर्न तिमीले नै सिकाएका थियौं । कलेजमा शिक्षकलाई मुट्ठी हान्न तिमीले नै सिकाएका थियो । पाइलापाइलामा धोका दिने कुरा सायद अदृश्यरूपमा तिमीले नै सिकाएका थियौं ।

सिंहदरबारले धोका नदिएको कसलाई छ र ? एउटै विचार बोकेर विचार त्याग गर्नेलाई पनि दिएको छ । आफ्नो बाउको काजकिरिया नगरे पनि दिएको छ । आफ्नै जन्मभूमिलाई धोका दिएर खुसी हुने स्यालहुइयाँबाट आश गर्ने तिमी नालायक हौ र ?

तिमीले त किताब पढेका छौं । माटोको स्पर्श लिएका छौं । देशको मुहार उज्यालो बनाउने संकल्प लिएर आफ्ना कलिला मुना विद्यार्थीहरूलाई धोकेबाज 'लाजनीति'बाट टाढा गराउने अभियान पो थाल्ने हो त ? परिवर्तनका रेखाहरू देखिएका छन् । देखाइदेऊ, छेपाराहरूलाई माकुराको जालो बनेर । त्यही जालोभित्र सडाउन सक्ने योद्धा तिमीले बनाउने होइन र ? धोकेबाज सिंहदरबार अनि सिंहदरबार छिरेर धोका दिनेहरूलाई छाडिदेऊ ।

बालबालिकालाई धोका, युवा पुस्तालाई धोका, माटोवादलाई धोका, राष्ट्रियतालाई धोका, देशलाई नै धोका दिने सिंहदरबारबाट के अपेक्षा गर्छौ ? जाऊ तिमीले बोकेको दलको झोला त्यहीँ फालेर आऊ । आफ्नै पेसालाई स्वर्ग बनाऊ । माइतीघर तिम्रो होइन हुँदै होइन । शिक्षाको उज्यालो छर्ने तिम्रो आफ्नै पेसागत मूल्यवान् र आस्थावान घर बनाऊ ।

# मलंगवामा निषेधाज्ञा रातिमात्र

**मलंगवा (सर्लाही)–** सर्लाही सदरमुकाम मलंगवामा पाँच दिनदेखि लगाइएको निषेधाज्ञा दिउँसो हटाइएको छ भने रातिलाई यथावत् राखिएको छ ।

सर्लाही जिल्ला प्रशासन कार्यालयमा सोमबार बिहान बसेको समन्वय सहजीकरण बैठकले असोज ४ गते बिहीबार राति १० बजेदेखि लगाएको निषेधाज्ञा दिउँसोको समयमा हटाउने तर राति ८ बजेदेखि बिहान ४ बजेसम्मलाई निरन्तरता दिने निर्णय गरेको हो ।

गणेश चतुर्थीको मूर्ति विसर्जन गर्न जाने क्रममा मलंगवामा दुई समुदायबीच झडप भएपछि गएको बिहीबार राति १० बजेदेखि अर्को आदेश नहुञ्जेलसम्मका लागि यहाँ निषेधाज्ञा जारी गरिएको थियो । बिहीबार रातिदेखि अशान्त बनेको मलंगवामा आइतबार रातिदेखि अवस्था समान्य हुँदै गएपछि सोमबारदेखि दिनको निषेधाज्ञा हटाउने निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिए ।

दिनमा निषेधाज्ञा आदेश निष्क्रिय गरिए पनि सर्वसाधारणको सुरक्षामा पर्नसक्ने सम्भावित जोखिमलाई मध्यनजर गर्दै साविक मलंगवा नगरक्षेत्रभित्र कुनै प्रकारको भेला, जुलुस, बैठक, प्रदर्शन, पोस्टर पर्चाजस्ता प्रचार सामग्री टाँस्न वा लेख्न निषेध गरिएको प्रजिअ यादवले बताए ।

सोमबार निषेधाज्ञा हटाइए पनि मलंगवाको बजार खुलेन । यातायात, शिक्षण संस्था, सरकारी कार्यालय पनि पूर्णरूपममा बन्द थिए । यता व्यापारीका संघसंगठनले पनि बजार खोल्न अह्वान गरेका छन् । निषेधाज्ञा हुँदा पनि घटना हुन थालेपछि आइतबार दिउँसोदेखि स्थानीय प्रशासनले निषेधाज्ञा उल्लंघन गर्ने व्यक्तिलाई पक्राउ गर्न थालेको थियो । निषेधाज्ञा उल्लंघन गरेको आरोपमा पक्राउ परेका व्यक्तिलाई प्रहरीले अहिले पनि हिरासतमा राखेको छ ।

गणेशको मूर्ति विसर्जन गर्न जाने क्रममा गएको बिहीबार घरको छतबाट अर्को पक्षले ढुंगा प्रहार गरेको थियो । ढुंगा लागेर सुरक्षाकर्मीसहित एक दर्जन मानिस घाइते भएका थिए भने छुरा प्रहारबाट सख्त घाइते भएका मलंगवा नगरपालिका–७, मुसैली निवासी रूपेशकुमार यादवको अहिले वीरगञ्जमा उपचार भइरहेको छ ।

## वीरगञ्जमा सद्भाव र्‍याली

मूर्ति बिर्सजनका क्रममा सर्लाहीको मलगंवामा दुई पक्षबीच भएको विवादलाई लिएर वीरगञ्जमा पनि तनाव उत्पन्न भएपछि महानगरपालिकाको अगुवाइमा सोमबार सद्भाव र्‍याली निकालिएको छ ।

वीरगञ्जको आदर्शनगरमा रहेको स्वीमिङ पुलबाट निस्किएको सद्भाव र्‍यालीमा राजनीतिक दलका प्रतिनिधि, संघसंस्था, धार्मिक संघसंस्था, कर्मचारी, बुद्धिजीवीलगायतको सहभागिता थियो । र्‍यालीपश्चात् जिल्ला प्रशासन कार्यालय पुगेर वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहसहितको टोलीले निमित्त प्रमुख जिल्ला अधिकारी शिवप्रसाद लम्सालसलाई ज्ञापनपत्र बुझाएको थियो । सद्भाव र्‍यालीपश्चात् आयोजित कोणसभामा सांसद तथा जनता समाजवादी पार्टीका नेता प्रदीप यादवले सामाजिक सद्भाव भड्काउने तत्त्वहरूको पहिचान गरी अविलम्ब कारबाही गर्न माग गरे ।

'हिन्दू र मुस्लिमलगायत धर्मावलम्बीबीच कायम रहेको आपसी सद्भावलाई बिथोलेर निहित स्वार्थपूर्ति गर्न केही तत्त्व पछिल्लो समय सक्रिय बनेका छन्,' उनले भने, 'ती तत्त्वहरूले विभिन्न चाडपर्वका नाममा प्रदर्शन गर्ने, जातजातिबीच द्वन्द्व बढाउने अभिव्यक्ति दिने र विभिन्न व्यक्तिका पसल तथा घरमा तोडफोड गर्नेजस्ता कार्य गर्दै आएका छन्, तिनीहरूलाई अविलम्ब पहिचान गरी कानुनी दायरामा ल्याउनुपर्छ ।'

महानगर प्रमुख सिंहले सामाजिक सद्भाव बिगार्ने र जातीय द्वन्द्व फैलाउने कार्यमा संलग्नलाई सरकारले तत्काल कारबाही गर्नुपर्नेमा जोड दिए । बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवं बहुसांस्कृतिक विशेषतायुक्त राष्ट्रको गरिमालाई आत्मसात् गर्दै सबै धर्म एवं सम्प्रदायसँग सम्बद्ध संघसंस्था विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण र प्रवर्द्धन गर्न सबै एकजुट हुनुपर्ने उनले बताए । *रासस*


## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०६/०९ गते)

विष्णुदत्त पाध्याको छोरी, लेखनाथ पाध्याको श्रीमती चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं १२ स्थायी घर भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं १२ बस्ने जिवावती पाध्याकोको मिति २०७८/१०/१३ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको कुश्मा शाखामा रहेको बचत खाता नं ०४७००२६७४२५००००१ मा रहेको मौज्दात रकम भुक्तानी पाउँ भनी निज खाताबालाको देवरले यस बैक शाखामा निवेदन दिनुभएको हुदा उक्त निक्षेप उपर निज निबेदक बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र आफ्नो हकलाग्ने ब्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागजात सहित यसै बैकको शाखा कार्यालय कुश्मामा हकदावी गर्न आउनुहोला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने ब्यहोरा यसै सुचना मार्फत जानकारी गराउदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय कुश्मा, पर्वत फोन नं. ०६७–४२११४५



## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०६/०९ गते)

जुजुमान श्रेष्ठको नातिनी तीथमान श्रेष्ठ/रत्न माया श्रेष्ठको छोरी सूर्य कुमार श्रेष्ठको पत्नी भक्तपुर जिल्ला, चपाचो न.पा., वडा नं. १ (हाल भक्तपुर जिल्ला, मध्यपुरथिमी न.पा. वडा नं. ६, सिद्धिकाली चोक) बस्ने मोती माया श्रेष्ठ (ना.प्र.नं १४६०, जारी मिति २०४४/०७/२५, जिल्ला प्रशासन कार्यालय, भक्तपुर) को मिति २०७९/०४/१६ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको ठिमी शाखामा रहेको मोती माया श्रेष्ठको खाता नं. ०९२००००१३०७०८ (१८१०२३९७८८००००१) मा रहेको मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोराहरुले यस बैंकको ठिमी शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय ठिमीमा हकदावी गर्न आउनु होला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय ठिमी, भक्तपुर फोन नं. ०१- ६६३४०९८/८३२



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LT METAL TECH SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०६/०८ | LT. No. 292787 | चलानी नं. ६०२०८११३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 0 | 1 | 1500 | ४२,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज १६ गते (3rd Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

